# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको व्यास नगरपालिका कार्यालयसंग सम्बन्धित सार्वजनिक विवरण

१. निकायको स्वरुप र प्रकृति

- वि.सं.२०४८ साल चैत्र ३० गते व्यास नगरपालिका नामाकरण गरी स्थापना भएको यस नगरपालिका वि.स.२०७३ फागुन २७ गते स्थानीय तहमा परिणत भई लागु भएको

२. निकायको काम, कर्तव्य र अधिकार

-स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभा संचालन कार्यविधि २०७४, नगरपालिका (कार्यविभाजन) नियमावली २०७४, नगरपालिकाको (कार्य सम्पादन) नियमावली २०७४, निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४, व्यास नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४, व्यास न.पा. आर्थिक ऐन २०७४, विनियोजन ऐन २०७४ ले तोके अनुसार

३. कर्मचारी संख्या र कार्य विवरण

-प्रस्तावित दरबन्दी १६४ रहेको जसमा १५७ जना पदपूर्ति भएको ।

४. नगरपालिकाबाट प्रदान गरिने सेवा

- नगरपालिका (कार्यविभाजन) नियमावली २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसार

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः -सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकिएको

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

-दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेव साइटमा पनि राखिएको

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

-वार्षिक नगर विकास योजना नगर सभाको बैठकले स्वीकृत गर्ने गरेको

-अन्य निर्णयहरु नगरपालिका कार्यपालिका बोर्डले गर्ने गरेको

-अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारिसमा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

वरिष्ठ आन्तरिक लेखापरीक्षक कुमार कंचन जि.सी.लाई तोकिएको

१०. नगरपालिकाको प्रवक्ता

-कार्यालयको तर्फबाट शाखा अधिकृत मेघनाथ अचार्य र कार्यपालिकाको तर्फबाट वडाध्यक्ष मोहनकुमार श्रेष्ठ

११. प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत र सूचना अधिकारीको नाम र पद

-प्रमुखः वैकुण्ठनाथ न्यौपाने उपप्रमुखः श्री मिरा जोशी, कार्यकारी अधिकृतः दिनेशराज पन्त

-सूचना अधिकारी गोकर्णराज वाग्ले (कम्प्युटर अधिकृत)

१२. सम्पादन गरेको कामको विवरण

-समिक्षा बैठक, वार्षिक कार्यक्रमहरुमा प्रस्तुत तथा प्रकाशन गर्ने गरिएको

-सरोकारवाला निकाय र व्यक्तिलाई मागेको अवस्थामा उपलब्ध गराउने गरिएको साथै सम्पूर्ण विवरणहरु वेव साइटमा राखिएको

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

-नगरपालिका स्थापना कालदेखि हालसम्मको आम्दानी खर्चहरुको विवरण वेवसाइटमा राखिएको र आ.व.०७५।७६ को चैत्र महिनासम्म यथार्थ आम्दानी रु.८७,२४,५३,२३७।१९ खर्चतर्फ प्रशासनिक खर्च रु.४१,१८,२८,११३।९५ र विकास खर्च रु.१७,०५,८५,६७२।०७)

-आन्तरिक लेखापरिक्षण शाखा स्थापना भएको र अन्तिम लेखापरीक्षण हरेक वर्ष सम्पन्न भएपछिको वर्षमा गर्ने गरिएको ।

१४. ऐन, नियम, विनियम वा निर्देशिकाहरुः न.पा.बाट निर्माण गरिएका विनियम र निर्देशिकाहरु वेवसाइटमा राखिएको